## याङवरक गाँउपालिका

# स्थानीय राजपत्र

खण्ड: ३ संख्या: २ मिति: २०७६/०४/०१

## भाग - १

## याङवरक गाउँपालिका

# याङवरक गाउँपालिकाको विनियोजन ऐन, २०७६

आज्ञाले,
प्रविनहाङ योङहाङ
प्रमुख प्रशासकीय अधिकृत

# याङवरक गाउँपालिकाको विनियोजन ऐन, २०७६

याङवरक गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावनाः**

याङवरक गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोष बाटकेही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम याङवरक गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नामर प्रारम्भः** (१)यस ऐनको नाम"याङवरकगाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सम्वत २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः** (१)आर्थिकवर्ष २०७६।०७७ को निमित्तगाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३०,५३,८३,०००।० (अक्षरेपी रुपैयाँ तिस करोड त्रिपन्न लाख त्रिरासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१)यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७६।०७७ को निमित्तयाङवरक गाउँ पालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा(१)माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ (पचिस)प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च रवित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च रवित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।



(३)उपदफा (२)माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृतिलिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संचितकोषबाट विनियोजन हुने रकम**

(रु.हजारमा)

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | ८०११४३ | गाउँकार्यपालिका | ४०९००।० | ५८२८६।० | ० | ९९१८६।० |
| २ | ८०११४३ | वडा समिति | ३०००।० | ३००००।० | ० | ३,३०,००।० |
| ३ | ८०११४३ | विषयगत शाखा | १३४३७६।० | ३८८२१।० | ० | १७३१९७।० |
| ४ | | ऋणको साँवाव्याजभुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | **कुलजम्मा** | **१७८२७६।०** | **१२७१०७** | **०** | **३०५३८३।०** |